

**के तपाईको घर पानीले रसाएको छ ?**
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत २९ गते बुधबार ❑ 12 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## कार्यवहाक अध्यक्ष समेत नहुँदा पोखरा १८ का सेवाग्राही मर्कामा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

एक हप्तादेखि पोखरा महानगरपालिका १८ मा कार्यवहाक अध्यक्ष समेत नहुँदा सेवाग्राही मर्कामा परेका छन् ।

पोखरा गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा पोखरा महानगरपालिका वडा नम्बर १८ को मत गणना बदर गरी पुनः मत गणना गर्न उच्च अदालत पोखराले आदेश दिएसंगै वडा अध्यक्ष हाल निलम्बित जस्तै अबस्थामा भएकोले वडामा कार्यवाहक अध्यक्ष समेत नहुदा वडा वासीको सामान्य काम बाहेक अन्य काम काज गर्दा समस्या भएको स्थानिय शिव देवकोटाले गुनासो गरे ।

घर खाली गराउन माग गर्दै वडामा पुग्दा वडा कार्यालयमा निवेदन लिन व्यक्ति नै नभएकोले गर्दा आफु निकै मर्कामा परेको उनले गुनासो गरे । उनले भने "हाम्रो वडामा प्राविधिक समस्या भएकोले वडा अध्यक्ष नभएको अबस्थामा कार्यवहाक वडा अध्यक्षको जिम्मा केही समयको लागि भए पनि महानगरले तोक्नु पर्ने अन्यथा आफु जस्ता धेरै सेवा ग्राही मर्कामा पर्ने छन् ।" वडामा कामको बोझले गर्दा वडा सचिव चोलाकान्त पौडेलले वडाका खासै नहुने गरेको र कार्यवहाक वडा अध्यक्ष समेत जिम्मेवार नतोकेका कारण वडामा हाल समस्या थुप्रिदै गएको स्थानियले गुनासो गरेका छन्। स्थानिय देवकोटा जस्ता धेरै व्यक्तिहरु वडामा पुगेर आफ्नो काम नगरी फर्किनुपर्ने बाध्यताको छिटो अन्त्य गर्न स्थानियले माग गरे । यस बिषयमा पोखरा महानगरपालिकाले भने कसरी कुन आधारमा कार्यवहाक कसलाई जिम्मा दिने भन्ने बिषयमा गृहकार्य गरेको महानगरको श्रोतले जनाएको छ ।

अदातलले वडाध्यक्ष पदको पुन मतगणना आउँदो वैशाख २० गते गर्न अदातलले आदेश दिएको उच्च अदालत पोखराका रजिष्ट्रार श्रीराम पौडेलले बताए । नेकपा एमालेबाट उम्मेदवार बनेका पुस्कल थापाले मतगणना कार्य वदर गरि दोर्होराई मतगणना गरि पाउ भन्दै गत जेठ १८ गते उजुरी दिएका थिए । पोखरा १८ का वडामा कांग्रेसका शिव प्रसाद तिमिल्सनाले १६४३ मत पाएर बिजयी घोषित हुँदा एमालेका पुष्कल बहादुर थापाले १६४० मत पाएका थिए । तिमिल्सिनाले ३ मत अन्तरले थापालाई पराजित गराएका थिए । थापाले खसेको भन्दा गणनामा ९ मत कम देखिएको र उक्त मत आफ्नै भएको दाबी गर्दै आएका छन् ।

## सरकारले सुशासन र विकासमा ध्यान दिन जरुरी छ : अध्यक्ष लिङ्देन

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले सुशासन, विकास र जनताको सेवालाई केन्द्रविन्दुमा राखेर सरकार अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ ।

राप्रपा गण्डकी प्रदेशस्तरीय विस्तारित बैठक एवं अगुवा कार्यकर्ता भेलालाई आज पोखरामा सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले भन्नुभयो, "हामीले देशको व्यवस्था त परिवर्तन गर्‍यौं तर जनताको अवस्था फेर्न सकेका छैनौं ।" नेपालमा राजनीति उद्योगका रूपमा विकास भएको भन्दै उहाँले कुनै पनि कालखण्डमा भएका भ्रष्टाचारको छानबिन हुनुपर्नेमा जोड दिनुभयो ।

"म ऊर्जामन्त्री हुँदा ठूलाठूला निर्णय भए तर मैले एक रुपैयाँ पनि अनियमितता गरिनँ", अध्यक्ष लिङ्देनले भन्नुभयो, "भ्रष्टाचार गर्नु भनेको नेपाली आमाको रगत खानु सरह हो ।" गण्डकी प्रदेशस्तरीय अगुवा कार्यकर्ता भेलाको अध्यक्षता राप्रपा गण्डकीका अध्यक्ष पञ्चराम गुरुङले गर्नुभएको थियो । साथै अगुवा कार्यकर्ता भेलापछि सञ्चारकर्मीसँग कुरा गर्दै अध्यक्ष लिङ्देनले राप्रपा तत्काल सरकारमा नजाने उहाँले बताउनुभयो ।

## सकारात्मक सन्देशका लागि गीति नाटक प्रर्दशन

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत



द आर्टअफ लिभिङ पोखराको आयोजनामा रामायणका पात्रको जिवनमा आधारित 'राम लाला कि माताञ गीति नाटक हालै प्रर्दशन भएकोछ । सो नाटक केवल मनोरंजनका लागि मात्रै नभएर सन्देशमुलक पनि भएको आयोजक तथा दर्शकहरुले बताएका छन् ।

समाजका हरेक नकारात्मक पक्ष भित्र सकारात्मक पक्ष पनि लुकेको हुन्छ भन्ने सन्देश दिनका लागि नाटक आयोजना गरिएको आयोजकहरु मध्येका योग प्रशिक्षक समेत रहेका साजन थापाले बाताए । हाम्रो पौराणिक ग्रन्थ रामायणमा आधारित भगवान की आमा कैकेयी र उनकी सहयोगी मन्थरा द्वारा भगवान रामलाई १२ बर्ष बनबास पठाएको शन्दर्भलाई जोडेर चित्रण गरिएको थियो । हाम्रो समाजमा कैकेयी र मन्थरा जस्ता पात्रहरुलाई नकारात्मक दृस्टीकोणले हेर्ने गरिएको छ। तर उनिहरुका कारण राम, आज सम्म भगवान बन्न पुगेकाछन् । यसै प्रसंगलाई जोडेर श्री श्री रवि शंकर द्वारा प्रेरित एक ज्ञान चर्चामा वहाले झमाता कैकेयी र माता समान मन्थरा पात्रहरु नकारात्मक नभई शकारात्मक पात्रको प्रतिनिधि हुन् जसको कारणले नै राम केवल एक राजामा मात्र सिमित नभई भगवान राम बन्न प्रमुख भूमिका खेलेका हुन् । ञ भन्नु भएकोछ ।

हरेक कुरा तथा प्रसङ्गमा सकारात्मकता देख्न सकिन्छ भन्ने ज्ञान को संदेश दिई यो 'राम लाला कि माता' गीति नाटकको शुरुवात भएको । आर्टअफ लिभिङ बंगलोर आश्रमका १८ जना कलाकार हरुको टोलीले संगीत, नृत्य तथा भजन समाबेश थिए । पोखरा उध्योग बाणिज्य संघको हलमा भएको सो कार्यक्रममा ४५० जना भन्दा बढीको दर्शकहरुको उपस्थिति रहेको थियो । पोखराका अध्यात्मिक तथा धार्मिक संघ संस्था राम मन्दिर ब्यबस्थापन समिति , केदारेश्वोर मन्दिर ब्यबस्थापन समिति, बिन्ध्यबासिनी मन्दिर ब्यबस्थापन समिति, संस्कृत विद्यालय ब्यबस्थापन समिति , हनुमान मन्दिर ब्यबस्थापन समिति, इस्कोन ब्यवस्थापन समिति, ओम शान्ति ब्यबस्थापन समिति, राधे राधे ब्यबस्थापन समिति , ओशो ब्यवस्थापन समिति, पतंजली ब्यबस्थापन समिति , हिन्दु महासंघ समिति, कृष्ण प्रणामी समिति , मनोक्रान्ति ब्यबस्थापन समिति , सिद्धआश्रम शक्ति केन्द्र समिति लगाएतको संस्थागत उपस्थिति रहेको थियो ।

## असन्तुष्टि थाँती राखौँ, चुनावमा एकढिक्का हौँ : नेता सिंह

**पोखरापत्र संवाददाता**
रासस, २८ चैत

नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले उपनिर्वाचन नजिकै आइसकेकाले असन्तुष्टि थाँती राखेर एकढिक्का हुनुपर्नेमा जोड दिनुभएको छ ।

आगामी वैशाख १० गते हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट तनहुँ निर्वाचन क्षेत्र नं १ का उम्मेदवार गोविन्द भट्टराईको चुनाव प्रचारका लागि आइपुग्नुभएका सिंहले आज डुम्रेमा आयोजित कार्यकर्ता भेटघाटमा हरेक पार्टीमा असन्तुष्टि भए पनि त्यसलाई अहिले थाँती राखेर चुनावमा एकढिक्का भएर अगाडि बढ्नुको विकल्प नरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हरेक पार्टीमा असन्तुष्टि होला, चुनाव मुखैमा आइसक्यो । अरु कुरालाई पछि सम्बोधन गरौँला । गठबन्धनका नेताहरू इमान्दार भएर गठबन्धनका उम्मेदवारलाई जिताउन लाग्नुपर्छ ।" नेता सिंहले गठबन्धनका उम्मेदवार जिताउन नसकिए सन्देश राम्रो नजाने बताउनुभयो । "गठबन्धन गरेर हामी चुनावमा गएका छौँ, अनि गठबन्धनका उम्मेदवारले नजिते नराम्रो सन्देश जान्छ", उहाँले भन्नुभयो । पुराना दलले केही गर्न सकेन भनेर जन्मिएका नयाँ दलले पनि केही गर्न नसकेको सिंहको भनाइ थियो । "बोल्नका लागि नारा दिन सजिलो छ, काम गरेर देखाउन गाह्रो छ, नयाँ दलले पनि केही गर्न नसकेको त देखिहालियो नि", उहाँले भन्नुभयो ।

नेता सिंहले वर्तमान सरकार विकास र समृद्धिका लागि प्रतिबद्ध रहेको बताउनुभयो । संविधानको रक्षा गर्दै लोकतन्त्रको संस्थागत गर्नका लागि गठबन्धन बनेको उहाँको भनाइ थियो । उम्मेदवार भट्टराईले चुनाव जितेपछि गठबन्धन सरकारमा प्रतिनिधित्व गर्नसक्ने नेता सिंहले बताउनुभयो । "अहिले गठबन्धनको सरकार छ, उहाँले जितेर आएपछि सरकारमा प्रतिनिधित्व नगर्ला भन्न सकिँदैन, तनहुँ जिल्लाले सधैँ सरकारमा जिम्मेवारी पाइरहेको छ", उहाँले भन्नुभयो ।

भाषण दिने नेता चाहिएको हो की काम गर्ने नेता चाहिएको हो जनताले मूल्याङ्कन गर्नुपर्नेमा उहाँको जोड थियो । "गोविन्दजी त यहाँका जनताको हरेक सुखदुःखमा काम गरेको मान्छे हो, पाँच वर्षमा आएर भाषण गर्ने नेता चाहियो की काम गर्ने नेता चाहियो त्यसको मूल्याङ्कन हुनुपर्छ", नेता सिंहले भन्नुभयो ।

## निर्वाचन जित्ने गरी तयारीमा लाग्नुपर्छ : महामन्त्री शर्मा

**पोखरापत्र संवाददाता**
दमौली, २८ चैत

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले आगामी वैशाख १० गते हुने उपनिर्वाचनमा जित्ने गरी तयारीमा लाग्नुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस तनहुँ पार्टी कार्यालयमा आज आयोजित छलफलमा महामन्त्री शर्माले तनहुँ क्षेत्र नं १ मा पार्टीका तर्फबाट उम्मेदवार रहनुभएका केन्द्रीय सदस्य गोविन्द भट्टराईलाई विजयी गराउने हिसाबले लाग्न सम्पूर्ण कार्यकर्ता एकढिक्का भएर लाग्न आग्रह गर्नुभयो । पार्टीमा हुनसक्ने असन्तुष्टिलाई थाती राखेर एकढिक्का भएर लागे विजय सम्भव रहेको महामन्त्री शर्माको भनाइ थियो । महामन्त्री शर्माले आर्थिक विषयमा समेत ज्ञान भएको नेतृत्व संसद्लाई आवश्यक रहेको भन्दै भट्टराईको जित अनिवार्य भएको दाबी गर्नुभयो । पार्टीका केन्द्रीय सदस्य शङ्कर भण्डारीले वामलोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई विजयी गराउन गठबन्धनका दल एकजुट रहेको बताउनुभयो । उम्मेदवार भट्टराईको राजनीतिमा धेरै लामो योगदान, त्याग भएको तर अवसर नपाएको नेता भएकाले उपनिर्वाचनमा विजय गराएर न्याय गर्नुपर्ने भण्डारीले बताउनुभयो ।

सो अवसरमा केन्द्रीय सदस्य ध्रुव वाग्ले, पार्टी सभापति जीतप्रकाश आले, पूर्वजिल्ला सभापति रघुनाथ पौडेल लगायतले गत निर्वाचनमा तनहुँ क्षेत्र नं १ मा कांग्रेसले विजय हासिल गरेकाले उक्त विजयलाई कायम राख्नुपर्नेमा जोड दिनुभयो ।

**हावाहुरीबाट बचौं र बचाऔं ।**

- **घरको संरचना बलियो बनाऔं,**
- **हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,**
- **छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,**
- **छतका गमला सुरक्षित रुपमा राखौं,**
- **जस्तापातालगायतका बस्तुहरु खुल्ला र जथाभावी नछोडौं,**
- **हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,**
- **सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौँ ।**
- **हावाहुरी चलेको समयमा सवारी साघन रोकेर सुरक्षित स्थानमा बसौँ ।**

*हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## गीत, सङ्गीत र नृत्यको उत्पत्ति नेपालमै भएको हो- अध्यक्ष ओली

**रासस**
काठमाडौं, २८ चैत

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले गीत, सङ्गीत र नृत्यको उत्पत्ति नेपालबाट भएको बताउनुभएको छ ।

'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' शोका लागि विश्वका ५२ भन्दा बढी देशबाट छानिएर फाइनलका लागि आएका नेपालीभाषी प्रतिभासँग आज आफ्नो निवास बालकोटामा अन्तर्क्रियाका क्रममा उहाँले भन्नुभयो, "गीत, सङ्गीत र नृत्यको उत्पत्ति नेपाली भूमिमा भएको हो, गीत, सङ्गीत कला, सम्पदा आदिमा हाम्रो इतिहास

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# स्मार्ट सार्वजनिक शौचालय बनाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

पोखराको मुख्य बजार क्षेत्र महेन्द्रपुलमा अत्याधुनिक सार्वजनिक शौचालय निर्माण सुरु भएको छ।

गैर आवासीय नेपाली सङ्घ (एनआरएनए)ले सार्वजनिक शौचालय बनाउन पोखरा महानगरसँग साझेदारी गरेको हो। महानगर प्रमुख धनराज आचार्यले सार्वजनिक शौचालय निर्माणको सोमबार शिलान्यास गर्नुभयो। महेन्द्रपुलको उत्तरतर्फ रहेको पाँच आना क्षेत्रफलमा एनआरएनए र पोखरा महानगरपालिकाको संयुक्त लगानीमा अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृह निर्माण हुनेछ। यसमा एनआरएनएले रु ६० लाख र पोखरा महानगरपालिकाले रु ४० लाख लगानी गर्नेछन्। महानगरपालिकामा हाल १५ बढी स्थानमा महानगरले निर्माण गरेका सार्वजनिक शौचालय र ६० बढी स्थानमा निजी साझेदारीमा सञ्चालन गरिएका सार्वजनिक शौचालय छन्। महेन्द्रपुलको दक्षिण भागमा भने महानगरपालिकाले अन्तर र्षिट्रय झन्डा पार्क निर्माणको तयारी गरेको छ। त्यसको शिलान्यास आगामी वैशाख १ गते गरिनेछ। त्यहाँ संयुक्त राष्ट्र सङ्घमा आवद्ध एक सय ९३ देशसहित साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको झन्डासमेत राखिने महानगरले जनाएको छ। पार्ककोबीच भागमा नेपालको सबैभन्दा ठुलो झन्डा राखिनेछ। विशेष अवसरमा झण्डात्तोलनका लागि सोही स्थानमा कार्यक्रम गरिने बताइन्छ। शौचालयको शिलान्यास गर्दै प्रमुख आचार्यले पोखराको पर्यटन प्रवर्द्धन तथा नागरिकको सेवाका लागि सो स्थानमा सार्वजनिक शौचालयको आवश्यकता महसुस गरिएको बताउनुभयो। जीर्ण भवन विस्थापित गरी जनतालाई सर्वसुलभ तरिकाबाट सेवा प्रदान गर्ने उद्देश्यले चमेना गृहसहितको सार्वजनिक शौचालय निर्माण गर्न लागिएको महानगरपालिकाका प्रमुख आचार्यले बताउनुभयो। "यो शौचालय पोखराका लागि नमुना शौचालय हुनेछ, अत्याधुनिक प्रविधिको प्रयोगमार्फत स्मार्ट शौचालय निर्माण हुनेछ", प्रमुख आचार्यले भन्नुभयो, "चमेनागृहसहित महिला दिदीबहिनीका लागि स्तनपान कक्ष र सेनेटरी प्याडको भण्डारसमेत समावेश हुनेछ।" शौचालयबाट निकाल्न सकिने ग्यासको प्रयोगबाट चमेनागृह पनि सञ्चालन गरिने छ। त्यो नेपाली शैलीको हुने प्रमुख आचार्यको भनाइ छ। आसपासमा केही चौतारी निर्माण गरिनेछन्। अधिकांश स्थान भने खुल्ला नै राखिने प्रमुख आचार्यले बताउनुभयो।

एनआरएनएका मेगा प्रोजेक्ट संयोजक रविना थापाले पोखरा महानगरपालिकाको महेन्द्रपुलमा आफूहरूले नेपाली शैलीको अत्याधुनिक सार्वजनिक शौचालय र चमेनागृह निर्माणका लागि महानगरपालिकासँग सहकार्य गर्न पाउँदा खुसी लागेको बताउनुभयो। एनआरएनएका कार्यकारी अध्यक्ष बद्रिबहादुर केसीले विदेशमा जस्तै पोखरामा पनि सुविधा सम्पन्न अत्याधुनिक शौचालय निर्माण गरिने बताउनुभयो।



ट्होटें र्याली : तमु समुदायको एतिहासिक, साँस्कृतिक पर्व ट्होटेंका अवसरमा तमु धिं नेपालले आयोजना गरेको र्यालीमा सहभागीहरु। तस्बिरः धनबहादुर गुरुङ/रासस

# गाँउस्तरिय भलिवल प्रतियोगिताको उपाधि माछापुच्छ्रे ग्रिन फोर्स युवा क्लवलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत



कास्कीको माछापुच्छ्रे गाँउ स्तरिय भलिवल प्रतियोगिताको उपाधि माछापुच्छ्रे २ को ग्रिन फोर्स युवा क्लवले जितेको छ।

स्थानिय विन्ध्यवासिनी युवा क्लवले आयोजना गरेको उक्त प्रतियोगिता अर्न्तगत मंगलबार भएको फाइनल खेलमा ग्रिन फोर्सले विन्ध्यश्वरी युवा प्रतियोगिता अर्न्तगत मंगलबार भएको फाइनल खेलमा ग्रिन फोर्सले विन्ध्यश्वरी युवा क्लवलाई २५–२३, २५–२० र २९–२७ को सेटमा पराजित गर्दै उपाधि जितेको हो।

विजेताले उपाधि सहित नगद ६० हजार प्राप्त गरेको छ। उपविजेता भएको विन्ध्यश्वरी युवाले भने ४० हजार प्राप्त गरेको छ। विजयी खेलाडीहरुलाई पोखरा १९ का वडा अध्यक्ष पुष्पेन्द्र पाण्डेले पुरस्कार वितरण गरेका थिए। मैदान निर्माणमा बिषेश ध्यान दिने उनले जनाए।

यही चैत २५ गतेदेखि सुरु भएको प्रतियोगितामा १९ टिमको सहभागिता रहेको क्लवका अध्यक्ष किशोर प्रसाद गौतमले बताए। उक्त प्रतियोगिताले खेल प्रबर्द्धनमा टेवा पुग्ने सल्लाहकार राजु तामाङले बताए।

# गीत...

सत्ययुगदेखिकै हो।"

उहाँले भन्नुभयो, "हामीले सुनेका, देखेका छौँ ताण्डव नृत्य, शिव नृत्य आदि। ती नृत्यको इतिहास कति पुरानो छ ? यो सत्ययुगकै कुरा होइन ? त्यसैले हामी गीत, सङ्गीत, कला, संस्कृति एवं सम्पदामा संसारका अरु कुनै देशभन्दा अगाडि छौँ, हाम्रो इतिहास सबैभन्दा पुरानो छ।" एमाले अध्यक्ष ओलीले गीत सङ्गीत मात्र नभएर ज्ञान र शिक्षाको उद्गमस्थल पनि नेपाल नै भएको धारणा राख्नुभयो। उहाँले ज्ञान, शिक्षा, सम्पदा तथा वैदिक परम्परामा हामी विश्वमै अरु देशभन्दा अघि रहेका उदाहरण पनि प्रस्तुत गर्नुभयो। इन्ट्रा-नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाको आयोजनामा विश्वभरका नेपालीलाई लक्षित गरेर आयोजना गरिएको यो गायन र नृत्यसम्बन्धी प्रतियोगिता अहिलेसम्मकै सबैभन्दा धेरै पुरस्कार राशिको हो। गायन र नृत्य प्रतियोगितामा छानिएकामध्ये प्रथम हुनेले जनही रु एक करोड, दोस्रो हुनेले रु ३० लाख र तृतीय हुनेले रु २० लाख पुरस्कार प्राप्त गर्नेछन्। ओली निवासमा पुगेका नेपाली युवा प्रतिभाले उहाँसमक्ष विभिन्न विषय जिज्ञासा राखेका थिए। उनीहरुले आफूहरु पितृ तथा मातृभूमिमा आउँदा अत्यन्तै खुसी भएको अनुभव पनि सुनाएका थिए। पहिलोपटक नेपाल आएका कतिपयले सो प्रतियोगिताका कारण आफूहरु नेपाल आउन पाएकामा आयोजकलाई धन्यवाद पनि दिएका थिए।

# सामुदायिक सेवा केन्द्र वगरको भित्ते पात्रो विमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ बगरले प्रकाशन गरेको भित्ते पात्रो विमोचन गरेको छ।

त्यस अवसरमा नयाँ वर्ष २०८० को शुभकामना आदान प्रदान सुरक्षासँग सम्वन्धित अन्तरक्रिया कार्यक्रम तथा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायव उपरीक्षक श्रवण कुमार विकलाई स्वागत तथा सम्मान गरिएको थियो। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायव उपरीक्षक श्रवण कुमार विकले मंगलबार एक कार्यक्रमका बीच भित्ते पात्रोको विमोचन गरे।

कार्यक्रममा बोल्दै प्रहरी नयाव उपरीक्षक श्रवण कुमार विकले प्रहरी र समुदायको सम्वन्ध जोड्ने काम सामुदायिक केन्द्रले गरेको बताए।

सामुदायिक सेवा केन्द्रले गर्ने कार्यक्रमका वारेमा जिल्लाले योजना निर्माण गरीसकेकोले त्यहि अनुरुप कार्य गर्न सुझाव दिए। सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय कास्कीका प्रथम उपाध्यक्ष मनपति भण्डारीले कास्कीका सामुदायिक अन्य जिल्लाको तुलनामा सक्रिय भएर काम गरेको बताए।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरकी संस्थापक अध्यक्ष सीता गुरुङले संस्थाले विधान लक्षीत कार्यक्रम गर्न सकेमा लक्ष्य पुरा हुने बताइन्। पोखरा महानगर पालिका वडा नं १ का वडा सदस्य जुमकाजी गुरुङले समुदायमा सचेतना जगाउन सामुदायिक केन्द्रको महत्वपूर्ण भूमिका रहेको बताए।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा बैदामका अध्यक्ष नेत्रलाल भण्डारीले वगर सामुदायिक गरेका हरेक कार्यक्रम उत्कृष्ट रहेको बताए।

यसैगरी जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायव उपरीक्षक श्रवण कुमार विकले सामुदायिक सेवा केन्द्र वगरको निरीक्षण गरेका थिए।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव शिवराज अधिकारी र कोषाध्यक्ष कृष्ण बहादुर तामाङ्गले बोलेका थिए।

# मानव बेचबिखन र साइवर अपराध सम्वन्धी अभिमूखिकरण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

शुभ अवसर ग्राम नेपालले मानव बेचबिखन र साइवर अपराध सम्वन्धी अभिमूखिकरण कार्यक्रम सम्पन्न गरेको छ।

जिल्ला प्रहरी कार्यालय कास्की, सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगर र नेपाल रेडक्रस सोसाइटी उपशाखा १ वगरकोसहयोगमाअभिमूखिकरण कार्यक्रम आयोजना गरिएको हो। अभिमुखिकरण कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी वरिष्ठ नायव निरीक्षक होतबहादुर रोकाहाले सहजिकरण गरेका थिए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि वडा प्रहरी कार्यालय वगरका प्रमुख प्रहरी निरीक्षक शालिकराम तिमिल्सिनाले समाजमा हुने विकृति विसंगती न्यूनिकरण गर्न यस्ता कार्यक्रम फलदायी हुने बताए। शुभ अवसर ग्राम नेपालकी परियोजना संयोजक हेमलता वोडुको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महनगर पालिका वडा नं. १ की वडा सदस्य शोभा गुरुङ, सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरकी संस्थापक अध्यक्ष सीता गुरुङ, अध्यक्ष रामप्रसाद अधिकारी, नेपाल रेडक्रस सोसाइटी उपशाखा १ वगरकी सभापति जीवन अधिकारी वेदप्रसाद वस्तीले बोलेका थिए।

# अनलाईन पत्रकारिता तालिमको तयारी तिव्र

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

अनलाईन पत्रकार संघ गण्डकीले आगामी बैशाख २ गते देखि ४ गतेसम्म आयोजना गर्न लागेको अनलाईन पत्रकारिता तालिमको तयारी तिव्र पारिएको छ। तालिम संयोजकमा संघका अध्यक्ष गणेश बराललाई चयन गरेको छ।

मंगलबार बसेको संघको बैठकले तालिमलाई व्यवस्थित र थप उपलब्धिमुलक बनाउन विभिन्न ६ वटा उपसमितिहरु पनि गठन गरेको छ। अध्यक्ष बरालको संयोजकत्वमा रोहित बस्नेत र निरज बसौला सदस्य रहेको यातायात, आवास, खाना तथा अतिथि व्यवस्थापन उपसमिति चयन गरेको छ। त्यस्तै उपाध्यक्ष सन्तोष बस्यालको संयोजकत्वमा सचिव प्रल्हाद चन्द्र घिमिरे र कोषाध्यक्ष चन्द्रिका घिमिरे (अनिता) सदस्य रहेको कार्यक्रम तथा मञ्च व्यवस्थापन उपसमिति, सचिव प्रल्हाद चन्द्र घिमिरेको संयोजकत्वमा कोषाध्यक्ष चन्द्रिका घिमिरे (अनिता) र सुरेशराज अधिकारी सदस्य रहेको प्रतिवेदन लेखन उपसमिति गठन गरेको छ। त्यस्तै कोषाध्यक्ष चन्द्रिका घिमिरे (अनिता) को संयोजकत्वमा सञ्जय आचार्य र प्रविण मगर सदस्य रहेको अर्थ व्यवस्थापन उपसमिति, सल्लाहकार रञ्जन अधिकारीको संयोजकत्वमा सागरराज तिमिल्सिना र प्रकाश ढकाल सदस्य रहेको सहभागि व्यवस्थापन तथा मुल्यांकन उपसमिति गठन गरिएको छ। त्यसैगरि तालिम संचालका क्रममा आइपर्ने विविध समस्या तत्काल समाधान गर्नका निम्ति संघका कार्यसमिति सदस्यहरु त्रिऋषिराम दाहाल, दिपकराज गिरी, शिव न्यौपाने, शेखर कोइराला र सरिता गुरुङ सदस्य रहनेगरि क्विक रेस्पोन्स टिम चयन गरिएको छ।

पोखरामा रहेर अनलाईन पत्रकारिता गरिरहेका पत्रकार हरुका लागि आयोजना गर्न लागिएको तालिममा पत्रकार आचारसंहिता, तथ्य जाँच, अनलाईन पत्रकारिता र लेखनवृत्ति सम्बन्धी सेसनहरु रहने संघका सचिव प्रल्हाद चन्द्र घिमिरेले जानकारी दिनुभयो। तालिम पोखराको सृजनाचोकमा रहेको साइमन पार्टी प्यालेसमा सञ्चालन हुने छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति बैशाख २ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११५०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# महिला र पुरुष आलोपालो नेतृत्व

नेकपा एमालेनिकट अखिल नेपाल महिला संघले सबै राजनीतिक दलका प्रमुख पदमा महिला र पुरुषबीच अलोपालो हुनुपर्ने प्रस्ताव पारित गरेको छ। काठमाडौंमा हालै सम्पन्न सातौँ राष्ट्रिय सम्मेलनले सो प्रस्ताव पारित गरेको हो। सो सम्मेलनले राष्ट्रपति, उपराष्ट्रपतिलगायत राज्यका संवैधानिक पदहरुमा पनि महिला र पुरुष आलोपाले र एक पदमा अनिवार्य महिला हुनुपर्ने प्रस्ताव पारित गरेको छ । चैत २५ र २६ गते काठमाडौंमा भएको सम्मेलनले सर्वसम्मतरूपमा २२५ सदस्यीय नयाँ नेतृत्व चयन गरेको छ। १० वर्षपछि भएको सम्मेलनले टुका भद्र हमालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

नेतृत्वमा नयाँ अनुहार आएका छन। लामो समयसम्म अनेमसंघमा रहेकाहरु कार्यकारी भुमिकाबाट हटेका छन। नयाँ नेतृत्वमा आएका महिलाको क्षेत्रमा काम गरेका र जागरण अभियान चलाउदै आएका छन । महिलालाई राजनीतिक दलले उपयोग गर्नेछ मात्र होइन समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न पैरवी गरेका आएका छन। अब अनेमसंघ महिलाका मुद्दा उठाउने र कानुनअनुसार कार्यान्वयनका लागि दबाबमूलक अभियान चलाउने अनुभवि नेतृत्वमा पुग्नु महिलाको पक्षमा केही हुन्छ भन्ने सन्देश दिएको छ। ६ जना उपाध्यक्षहरूमा मेनका काफ्ले, मेनुका कुमारी पोखरेल, रुक्मणी राना, सुमित्रा बि.सी., डा. विमला राई पौड्याल र शर्मिला कार्की रहेकी छन।सामाजिक क्षेत्रमा काम गरेका र पार्टीको काममा सक्रिय रहेकाहरूको मिलन भएको छ।दुवैतिरको अनुभवलाई मिलाएर लैजाने अवसर पनि हो।

महासचिवमा पेम्बा लामा र उपमहासचिवमा शान्ति बस्नेत (अधिकारी) चयन भएकी छन। सचिवमा ७ जना चयन भएका छन।, जसमा विणादेवी राई, विनादेवी शाह, शारदा कुमाल, नरदेवी पुन, विना ज्ञवाली, आशाकुमारी विक र मिना सिंह रखाल र एकजना कोषाध्यक्षमा इन्दिर फुयाल छानिएका भएको हो। अनेमसंघले ७७ वटै जिल्लाबाट कम्तीमा एकजना केन्द्रीय सदस्य हुने, हरेक प्रदेशबाट युवा, दलित, जनजाति, मधेसी, थारु लगायतको निश्चित कोटा निर्धारण गरेर केन्द्रीय कमिटी चयन गरेको महासचिव पेम्बा लामाले जानकारी दिइन। २०६९ वैशाख ८ देखि १० गतेसम्म पोखरामा छैटौं राष्ट्रिय सम्मेलन भएपछि १० वर्षपछि यसवर्ष सातौँ राष्ट्रिय सम्मेलन भएको हो।

सम्मेलनमाविभिन्न कमिटी तथा सबै जिल्लाबाट गरी ११ सय ८७जना प्रतिनिधि सहभागी भएका थिए। सम्मेलनको उद्धाटन नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबाट भएको थियो। सम्मेलनमा भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका लगायत देशका कम्युनिस्ट पार्टी तथा ती पार्टी सम्बद्ध महिला संगठनहरुका प्रतिनिधिहरु सहभागी भएका थिए भने अन्य विभिन्न देशबाट पनि शुभकामनासन्देश आएको थियो। सातौँ राष्ट्रिय सम्मेलनबाट १८ बुँदे समसामयिक प्रस्ताव (घोषणापत्र) पारित गरिएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# जिप दुर्घटनामा एकजनाको मृत्यु

**पोखरापत्र संवाददाता**
पर्वत, २८ चैत

पर्वतको महाशिला गाउँपालिकामा गए राति जिप दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ। दुर्घटनामा अर्का एक व्यक्ति घाइते भएका छन्।

सदरमुकाम कुश्माबजारबाट महाशिलातर्फ जाँदै गरेको ग२च ६९० नंको जिप महाशिला-५ काहुलेमा दुर्घटना भएको हो। दुर्घटनामा चालक महाशिला-४ धनुवासका ३७ वर्षीय ख्यामबहादुर विकको ज्यान गएको हो। दुर्घटनामा गम्भीर घाइते भएका विकको उपचारका लागि गण्डकी अस्पताल पोखरा लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरी निरीक्षक प्रकाश राउतले जानकारी दिनुभयो।

दुर्घटनामा घाइतेको लुङ खुदेउराली प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ। उनको नाम ठेगाना खुल्न नसकेको प्रहरीले जनाएको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ।

# विदेशी पर्यटकको रोजाइ बन्दै घरबास

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ चैत

बागलुङको घरवास गाउँको रूपमा परिचित भकुण्डेमा पछिल्लो समय विदेशी पर्यटकको आगमन बढ्दो छ। आन्तरिक पर्यटकको आकर्षणको रूपमा रहेको भकुण्डेस्थित अतिथि सत्कार घरबासमा पछिल्लो समय विदेशी पर्यटकसमेत आउन थालेका छन्।

हेलिकप्टरमार्फत विदेशी पर्यटक आउने गरेको बागलुङ नगरपालिका-१० भकुण्डे घरबासमा विश्व भेगन अर्गनाइजेशनले पहिलो पटक पदमार्ग हुँदै कोरोना अघिदेखि विदेशी पर्यटक भित्र्याउन थालेको थियो। हालसम्म सो संस्थाले भकुण्डेमा लगातार विदेशी पर्यटक भित्र्याइरहेको पर्यटन व्यवसायी महादेव शर्माले जानकारी दिनुभयो। "केही विदेशी पर्यटक भकुण्डेमा आउने गरेका रहेछन्, अत्यधिक पर्यटक भनेको आन्तरिकनै रहेछ, तर हामीले भेगनमा आवद्ध १७ देशका पर्यटकलाई पहिलो पटक भकुण्डे भित्र्यएका हौँ, अहिले पनि भकुण्डेमा विभिन्न दशेका विदेशी पर्यटक आइराख्नुभएको छ", शर्माले भन्नुभयो, "आर्थिक सङ्कटकका कारण अन्तरिक पर्यटक घटेको घरबासमा विदेशी पर्यटक भने अध्ययन, अवलोकन गर्न, घरबासमा रमाउन आउने गरेका छन्।" बागलुङ बजारदेखि तीन घण्टाको पैदल र डेढघण्टाको यातनयात साधनमा पुग्न सकिने भकुण्डे गाउँमा घरबाससँगै पर्यटकीय ताल, दृश्यावलोकनका लागि बनाइएको भ्यूटार लगायतका संरचनाले समेत आकर्षण थप्ने गरेको छ। आन्तरिक पर्यटकले भरिभराउ हुने अतिथि सत्कार घरवासमा आर्थिक सङ्कटका कारण आन्तरिक पर्यटकमा केही कमी आए पनि विदेशी पर्यटक बढेको अतिथि सत्कार सामुदायिक घरबासका सञ्चालक समितिका अध्यक्ष मुना थापाले बताउनुभयो। "२०७३ सालमा स्थापना भएको घरबासमा मुख्य पर्यटक आन्तिरकनै हुन्, तर कोरोनापछि विदेशी पर्यटकसमेत आएका छन्, चैत महिनामा मात्रै तीन समूहमा विदेशी पर्यटक आइसकेका छन्," थापाले भन्नुभयो, "चैत महिनामा मात्रै बेलायत, अमेरिका, क्यानडा र कोरियाका पर्यटक आउनुभएको छ, यहाँको भौगोलिक वातावरण, दृश्यावलोकन, स्वागत तथा बिदाई संस्कृति र मगर संस्कृतिका कारण पर्यटक आकर्षित हुने गरेका छन्।"

पछिल्लो समय प्रचारप्रसारका कारण विदेशी पर्यटक आउन थालेको घरबासका सञ्चालक याम थापाले बताउनुभयो। उहाँले गैरसरकारीसङ्घसंस्थामाकामगर्न आउनुभएका विदेशी पर्यटकसमेत घरबासको परिकारको स्वाद लिन यहाँ आउने गरेका छन् भन्नुभयो। पछिल्लो समय यहाँका घरबासको स्तरोन्नति गरिएको छ। पर्यटक लक्षित गरी तातो चिसो पानी, व्यवस्थित स्नान घर, पार्क तथा सांस्कृतिक सङ्ग्रहालय लगायतको विकास गरिएको छ। जिल्लाकै पहिलो घरबासका रूपमा स्थापना भएको अतिथि सत्कार घरबास अहिले भकुण्डे गाउँको आठ घरमा सञ्चालित छ। घरबासमा एकै रात ५० जना पाहुना राख्न सकिने छ भने पछिल्लो पटक पाहुनाको रोजाइ अनुसारको सेवा सुविधा दिइँदै आएको छ। भकण्डेको शिरमा हीरा ताल र तल बराहतालसमेत रहेका छन्। स्थानीय उत्पादनको स्वादको मजा लिन, हिमशृङ्खलाको मनोरम दृश्य हेर्न, बिदा समयको सदुपयोग गर्दै प्रकृतिसँग रमाउन आन्तरिक र बाह्य पर्यटक घरबाससम्म पुग्ने गरेका छन्। विसं २०७३ मा पर्यटन कार्यालय पोखराबाट दर्ता भई आधिकारिक रूपमा सञ्चालनमा आएको बागलुङ नगरपालिका-१० भकुण्डेमा रहेको जिल्लाकै पहिलो अतिथि सत्कार होमस्टे पर्यटकको लागि गन्तव्य बनिरहेको छ।

समयसमयमा घरबासमा बस्न अमेरिका, कोरिया र चिनियाँ लगायतका देशबाट पर्यटक आउने गरेको घरबास सञ्चालक समितिका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो। घरबास सञ्चालकले गाउँमै उत्पादन गरेको आलु, भटमास, मकै, मुला, कोदोको ढिँडो, सिस्नो, गुन्द्रुक तथा खसी र कुखुराको परिकार पाहुँनाको रोजाइ अनुसार खुवाउने गरिएको छ। भकुण्डे पुग्ने सडक पक्की बनाउन सके थामिनसक्नु पर्यटक पुग्ने स्थानीयवासीको भनाइ छ।

# विपन्न बस्तीमा 'मुख्यमन्त्री कार्यक्रम'

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ चैत

तनहुँका दुई पालिकाका विपन्न बस्तीमा 'मुख्यमन्त्री कार्यक्रम' सञ्चालन गरिएको छ। आयआर्जनमा सबल गराई विपन्न परिवारको जीविकोपार्जनमा सहज बनाउने उद्देश्यले उक्त कार्यक्रम सुरु गरिएको हो।

जिल्लाको आँबुखैरेनी गाउँपालिका-१ का ४० घर भुजेल र ऋषिङ गाउँपालिका-४ का करिब ६० घरधुरीलाई लक्षित गरी कार्यक्रम सुरु गरिएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ।

आँबुखैरेनीमा ४६ परिवारमध्ये १६ जनालाई बाख्रा, छवटा तरकारी टनेल, ३५ घार मौरी, हाते ट्र्याक्टरलगायत प्रदान गरिएको छ। त्यसैगरी, गाउँपालिकामा ६० परिवारमध्ये बाख्रा सात जनालाई, टनेल तीन, बोयर बोका दुई, बङ्गुरको पाठापाठी ३०, कुखुराका चल्ला एक हजार, हाते ट्र्याक्टर र कुटानी-पिसनी लगायतका सामग्री प्रदान गरिएको छ।

बाख्रा र बङ्गुरपालनका लागि खोर निर्माण गरेपछि एक/एकवटा उन्नत जातको बाख्रा र बङ्गुरका पाठापाठी वितरण गरिनेछ। गण्डकी प्रदेश सरकारबाट दुई पालिकाका लागि २०/२० लाख बजेट निकासा भएको कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो। गण्डकी प्रदेश सरकारको ९० प्रतिशत र कृषकको १० प्रतिशत लगानी रहेको कृषि ज्ञान केन्द्रका प्रमुख तिवारीले बताउनुभयो। त्यसैगरी, साना व्यवसायी फार्म स्थापना तथा विस्तार कार्यक्रमअन्तर्गत आठजना मौरीपालन कृषकलाई दुई सय ४० मौरीको घार वितरण गरेको छ। न्यूनतम चार/पाँच घार मौरी पाल्दै आएका र मौरीसम्बन्धी तालिम लिएका कृषकलाई प्राथमिकता दिएर गोलासहितको मौरीको घार वितरण गरेको हो। गण्डकी प्रदेशको ५० प्रतिशत छुटमा कृषकलाई मौरीको घार वितरण गरिएको उहाँले बताउनुभयो।

# निजी विद्यालयलाई आफू खुसी शुल्क नबढाउन निर्देशन

**रासस**
काठमाडौं, २८ चैत

शिक्षा मन्त्रालयले निजी विद्यालयलाई आफू खुसी शुल्क नबढाउन निर्देशन दिएको छ। मन्त्रालयका सहसचिव एवं प्रवक्ता दीपक शर्माले मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै शैक्षिक सत्र २०८० का लागि विद्यार्थी भर्ना गर्दा केही निजी लगानीका विद्यालयले आफू खुसी शुल्क उठाएको भन्ने विषयमा मन्त्रालयको गम्भीर ध्यानाकर्ण भएको जनाएको छ। स्थानीय तहले स्वीकृति गरिदिएको सीमाभित्र रहेर मात्र शुल्क लिन पाउने व्यवस्था रहेको मन्त्रालयले स्मरण गराएको छ।

# स्याङ्जाको गल्याङ्मा उद्यमशिलता परियोजना

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ चैत

स्याङ्जाको गल्याङ नगरपालिकाले उद्यमशिलता परियोजना लागु गरेको छ। महिला तथा युवालाई लक्षित गर्दै स्थानीय उत्पादनलाई दिगो र व्यवसायिक बनाउ परियोजना लागु गरिएको हो।

परियोजना झण्डै २७ महिना संचालन हुनेछ। हेफर प्रोजेक्ट नेपालको सहयोगमा संचालन हुने परियोजना 'कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रम' रहेको छ। परियोजनाका लागि नगरपालिकाको २ करोड २० लाख र हेफरको ९४ लाख २८ हजार ५ सय ७१ गरी ३ करोड १४ लाख २८ हजार ५ सय ७१ रुपैयाँ खर्च हुने नगरपालिकाले जनाएको छ।

परियोजनाबाट १ हजार ३ सय ७५ महिला र ३ सय युवा गरी १ हजार ६ सय ७५ घरपरिवार प्रत्यक्ष लाभान्वित हुनेछन्। ८ हजार २ सय ७५ घरधुरी रहेको गल्याङ नगरपालिकाका झण्डै ४ हजार १ सय ३६ परिवार परियोजनाबाट अप्रत्यक्ष रुपमा लाभान्वित हुने अनुमान गरिएको छ। "स्थानीय महिला तथा युवाको नेतृत्वमा संचालित व्यवसायलाई परियोजना मार्फत प्रबर्द्धन गर्ने लक्ष्य राखिएको छ।"

गल्याङ नगर प्रमुख गुरुप्रसाद भट्टराई भने, "महिला र युवाको संलग्नतामा उत्पादित वस्तुको नगरपालिकाकै नेतृत्वमा बजारीकरणको व्यवस्था गरिनेछ।" परियोजनाको लागत रकम नगरपालिकाको आन्तरिक श्रोतबाट व्यवस्थापन गरिने भट्टराईले जानकारी दिए। व्यवसाय गर्दै आएका र नयाँ सोच राखेर व्यवसाय गर्न खोज्ने महिला तथा युवालाई परियोजनाले लक्षित वर्गमा समावेश गरेको छ। परियोजना लागु भएसँगै आर्थिक अभाव नहुने र उत्पादित वस्तुको बजारीकरण गर्ने परियोजनाले सहजीकरण गर्ने भएपछि स्थानीय युवाहरु उत्साहित भएका छन्।

"गल्याङ्का ११ वटै वडामा फरकफरक घरेलु वस्तु उत्पादन हुँदै आएका छन्।" नगरपालिकाका कृषि शाखा प्रमुख शिव ढकालले भने, "स्थानीयस्तरमा उत्पादित वस्तुको गुणस्तर कायम राख्दै बजारीकरण गर्न सहजीकरण गर्छौं।" दिगो व्यवस्थापन र गुणस्तरीय उत्पादन परियोजनाको मुख्य लक्ष्य रहेको प्रमुख ढकालले बताए।


## जन्ममिति फरक परेतापनि व्यक्ति एउटै भएको सूचना



बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. १० साविक राङखानी गा.बि.स. वडा नं. २ निवासी भारतीय भू.पू. आर्मी नं. २११३९४ का मोति सिंह थापाको श्रीमती अम्बा थापाको नेपाली नागरिकता प्रमाण-पत्रमा जन्म मिति वि.सं. २०१४।०१।०४) इ.सं. १९५७।०४।१६) भएको र भारतीय आर्मी पेन्सन कागजातमा जन्म मिति वि.सं. २०१३।११।२६ (इ.सं. १९५७।०३।०९) भई फरक परेको भएता पनि व्यक्तिहरु एउटै भएको भनी जैमिनी नगरपालिका १० नं. वडा कार्यालय, राङखानी बागलुङको च.नं. ७९८ मिति २०७९।११।०८ गतेको पत्रबाट लेखि आएकोले सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १७, हिमाली मार्ग आर.टि.ओ.रोड बाटो निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः** हिमाली मार्ग आर.टि.ओ. रोड
**स्थानः** पोखरा महानगरपालिका–१७, कास्की
**योजना सुरु मिति :** २०७९/११/२५ गते
**योजना सम्पन्न हुने मितिः** २०७९/१२/२६ गते
**योजनाको कुल लागत :** रु. ८,२५,१२८.९२।–
**महानगरपालिकाबाट प्राप्त हुने रकम :** रु. ४,१२,५६४.४६।–
**जन सहभागितावाट :** रु. ४,१२,५६४.४६।–

**हिमाली मार्ग आर.टि.ओ. रोड उपभोक्ता समिति**
**पोखरा-१७, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १५, प्रतिभा मार्गको सिर्जनशील टोल बाटो ढलान निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः** प्रतिभा मार्गको सिर्जनशील टोल बाटो ढलान
**स्थानः** पोखरा–१५,कास्की
**योजना सुरु भएको मिति :** २०७९/१२/०१ गते
**योजना सम्पन्न हुने मितिः** २०७९/१२/२३ गते
**योजना सम्पन्न भएको मितिः** २०७९/१२/२३ गते
**योजनाको कुल लागत :** रु. ६,१८,६६५.३८।–
**महानगरपालिकाबाट प्राप्त हुने रकम :** रु. ६,५०,०००।–
**जन सहभागितावाट :** रु. ७,९६,१२५.८३।–
**उपभोक्ता समिति अध्यक्षः** महेन्द्र बहादुर के.सी.
**सम्पर्क नं.:** ९८०२८५१४०६
**जम्मा सदस्य संख्याः** ७ **महिला सदस्य संख्याः** ३ जना
**प्राविधिक सहयोगः** ई.शोभा शर्मा, स.ई. रविन्द्र ओझा

**प्रतिभा मार्गको सिर्जनशील टोल बाटो ढलान निर्माण निर्माण उपभोक्ता समिति पोखरा-१५**

# बाँझो जमिनमा फलफूल खेती

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ चैत

युवाशक्ति विदेश पलायन हुन थालेपछि ग्रामीण क्षेत्रमा खेतीयोग्य जमिन वनमाराले ढाकिएका छन् । गाउँ सुनसान छन् । गाउँमा बस्ने पनि रोजगार र सेवा-सुविधा खोज्दै बजार झरिरहेका छन् । गाउँघरमा कुनै अवसर नदेखेर विदेश पलायन हुने तथा बजार झर्नेलाई गाउँमै रोक्न आवश्यक छ ।

बागलुङको तमानखोला गाउँपालिकाले भने यस वर्षदेखि बाँझो जमिनको सदुपयोग गरी स्थानीयलाई गाउँमै रोकी आयआर्जनसँग जोड्न फलफूल खेती गर्न थालेको छ । गाउँपालिकाले यस वर्षदेखि बाँझो तथा खाली जमिनमा फलफूल खेती गर्न सुरु गरेको हो । चालु आर्थिक वर्षमा वडा नं ४ मा एक हजार पाँच सय फलफूलका बिरुवा लगाइएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले जानकारी दिनुभयो । थोरै मेहनतबाट राम्रो उत्पादन दिने ओखर, स्याउ, उन्नत प्रजातिका आरु र किवीका बिरुवा लगाइएको उहाँको भनाइ छ । पालिकाले कृषकलाई फलफूल खेतीतर्फ आकर्षित गर्ने गरी ५० प्रतिशत अनुदानमा फलफूलका बिरुवा उपलब्ध गराएको छ ।

खासगरी बसाइँसराइ रोक्न र गाउँमै रोजगार सिर्जना गर्नका लागि गाउँपालिकाले यो अभियान सुरु गरेको उहाँको भनाइ छ । अध्यक्ष बुढामगर भन्नुहुन्छ, "यस वर्षदेखि बाँझो जमिनलाई उपयोग गर्ने गरी फलफूलका बिरुवा लगाइएको छ, वडा नं ४ बाट सुरु गरेका छौँ, अर्को वर्षदेखि पालिकाभरि नै लगाउने योजना छ, आफ्नो बारीमा लगाउने कृषकलाई ५० प्रतिशत अनुदानमा बिरुवा दिइएको छ, यसको प्रतिफल आउन केही वर्ष लाग्न सक्छ तर यसले स्थानीयको वातावरणलाई स्वच्छ राख्नसमेत मद्दत पुग्ने छ ।"

व्यवसाय दर्ता गरेर कृषि कर्म गरिरहेका ४० कृषकले फलफूलका बिरुवा व्यावसायिकरूपमा उत्पादन गर्ने गरी बारीमा लगाएको अध्यक्ष बुढामगरको भनाइ छ । कृषि प्राविधिकद्वारा माटो परीक्षण गरी बाँझो जमिनमा बिरुवा लगाइएको उहाँले बताउनुभयो ।

हिउँदे र बर्खे गरी दुई याममा बिरुवा उपलब्ध गराउने गरी पालिकाले बजेट विनियोजन गरेको गाउँपालिकाका कृषि शाखा प्राविधिक सन्देश पराजुलीले बताउनुभयो । पहिलो चरणमा हिउँदे सिजनमा लगाउने बिरुवा उपलब्ध गराइसकिएको भन्दै अब बर्खे सिजनमा लगाउने बिरुवा जेठ महिनामा उपलब्ध गराइने पराजुलीको भनाइ छ ।

"अमिलो र फलफूल उत्पादन हुनसक्ने वातावरण र हावापानी भएको सम्भावना देखेर हामीले यो प्रयास गरेका छौँ", उहाँले भन्नुभयो, "यहाँका केही कृषकले दुई वर्ष पहिले लगाएको स्याउको बिरुवा हुर्किसकेको र अबको एक-दुई वर्षमा उत्पादन दिन सक्ने देखिएको छ, यसले गर्दा पनि यहाँको हावापानीमा फलफूल खेती राम्रो हुने सम्भावना धेरै छ ।"

# पुख्र्यौली नाच पुस्तान्तरण अभियानमा मगर समुदाय

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

पुख्र्यौली सांस्कृतिक सम्पत्तिको संरक्षणमा म्याग्दीका मगरसमुदायका युवायुवतीले रुचि देखाउन थालेपछि पाका पुस्ता खुसी हुन थालेका छन् ।

आर्थिक सम्पत्तिलाई मात्र महत्व दिने अहिलेको पुस्ताकाबीच म्याग्दीका मगरसमुदायका युवायुवतीले पुख्र्यौली सांस्कृतिक सम्पत्ति महत्वसाथ संरक्षणमा तत्पर भएपछि यहाँ पुख्र्यौली सीपको पुस्तान्तरण अभियान सुरु भएको छ । अठारौँ शताब्दीको मध्यतिर मगर र छन्त्याल समुदायले तामा, फलाम र सिसा खानी भएका ठाउँ नजिक बस्ती बसालेर खेतीपाती गर्न थालेपछि मगर र छन्त्याल संस्कृतिको सुरुवात भएको हो । यो समुदायका महिला पुरुष दिनभर शारीरिक श्रम गरेर साँझ परेपछि रोधी बस्ने, गीत गाउने, नाच्ने र रमाइलो गर्ने चलन नै पुख्र्यौली चलनका रूपमा स्थापित भयो । यानीमाया, सुनिमाया, कौडा, रोधी, मारुनी, थाली, सोरठी, सिरफूले सालै जो, अभिजाले माया, झ्याउरे र चुट्का जस्ता गीत र नृत्य पुख्र्यौली बने । जन्म, मृत्यु, विवाह, छेवार र गाउँमा हुने विशेषसभा समारोहमा परिवेशअनुसार पुख्र्यौली नाच देखाउने चलन विकसित हुँदै आयो । तर,२०४० देखि २०७० सम्मको तीन दशकसम्म पाश्चात्य संस्कृतिको प्रभाव र युवा पलायनका कारण ओझेलमा परेका यहाँको पुख्र्यौली नृत्यले विगत केही वर्ष यतादेखि गति लिन थालेको हो ।

पुख्र्यौली नृत्य मगर समुदायमा लोकप्रिय छ । यसलाई उनीहरू पहिचानका रूपमा लिन्छन् । पूर्खाले संरक्षण गरेको कलासंस्कृति र पहिचान जोगाउन युवा पुस्ताले चासो राख्न थालेका छन् । यो नाच जोगाउन पाका पुस्तासँग युवाले सिक्न थालेका अन्नपूर्ण गाउँपालिका ७ घराम्दीका ७९ वर्षीय तेजबहादुर पुर्जाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "मगर समुदायको परम्परागत कला संस्कृतिको संरक्षणमा युवापुस्ता अघि सरेका छन् । परम्परागत मौलिक कला संस्कृति र सीप नयाँ पुस्तालाई सिकाउन पाका पुस्ता पनि तल्लीन छौँ ।" पुख्र्यौली नृत्य र सोरठी गीत आजकल युवा पुस्ताले पनि सिको गरेका छन् । गाउँघरमा आउने पाहुनालाई पुख्र्यौली नृत्य देखाएर स्वागत गर्ने युवाहरू अघि सर्छन् । सयौँ वर्ष पुरानो पुख्र्यौली नाच पुस्ता हस्तान्तरण हुँदै आएको मगर समुदायका अगुवा युवा लोकेश पुन मगरले बताउनुभयो । सोमबार (हिजो) अन्नपूर्ण गाउँपालिका ७ घराम्दीमा आयोजित अन्नपूर्ण गाउँपालिका अध्यक्ष कप प्रतियोगिताको उद्घाट्न कार्यक्रममा प्रदर्शन गरिएको पुख्र्यौली नृत्यले प्रतिनिधिसभाका सदस्य खमबहादुर गर्बुजा (खम्वीर), गण्डकी प्रदेशका निवर्तमान मन्त्री एवम् सांसद रेशम जुग्जाली, प्रदेशसभा सदस्य हरि भण्डारी लगायतका अतिथिलाई मोहित बनायो । पुख्र्यौली संरक्षण र पुस्तान्तरणका लागि केही अगुवा खटेर लाग्नुभएको छ । अन्नपूर्ण गाउँपालिका -५ पाउद्वारका अगुवा राजु पुनले भन्नुभयो, "नयाँ पुस्तालाई नसिकाउँदा हाम्रो पहिचान नै मेटिने चिन्ता छ । त्यसैले आजकल युवा पुस्तालाई सँगसँगै राखेर पुख्र्यौली नाच नचाउने गरेका छौँ ।"

मगर सङ्घका जिल्ला अध्यक्षसमेत रहनुभएका लोकेश पुनले भन्नुभयो, "बेलाबखत युवालाई तालिम दिएर सीप सिकाउने गरेका छौँ", पुनले भन्नुभयो, "पछिल्लो समय युवा पुस्तामा कला, संस्कृति र पहिचान संरक्षण गर्नुपर्छ भन्ने सचेतना जागेको छ ।" मालिका गाउँपालिका ५ देविस्थानका ८१ वर्षीय घबहादुर बूढा आफु तन्नेरी हुँदा गाएको गीत र गरेको नुत्य अहिले नातिनातिनीबाट समेत सुन्न र देख्न पाउँदा खुसी लागेको बताउँनुहुन्छ । "युवाहरूको सक्रियतामा गाउँघरमा पुख्र्यौली नाचको संरक्षण हुन थालेको छ, यस्तो देख्न पाउँदा निकै आनन्द लाग्छ," उहाँले भन्नुभयो ।

लामो भाका र स्वर निकालेर गाइने गीतको भावमा डुबेर भाङ्ग्रा, कछाड, टोपीको पहिरनमा मादल भिरेर नाचेको दृश्य निकै रोचक हुन्छ । अझ मादलेसँगै जोडी भएर महिलाको पहिरनमा नाच्ने पुरुषले पुख्र्यौली नाचमा रौनकता थप्छन् । पुख्र्यौली नाचमा सोरठी भाकामा गीत गाउनेको एक समूह हुन्छ भने मादल भिरेर नाच्नेलाई मादले र महिलाको पहिरनमा नाच्नेलाई मारुनी भनिन्छ । यस्तै, रोचक पक्ष र विशेषता भएकाले युवालाई पनि पुख्र्यौली जोगाउनुपर्छ भन्ने भावना जागेको राम्चेका रवि पुनले बताउनुभयो । यो नाच्न १२ पुरुष र सोरठी गाउन त्यतिकै सङ्ख्यामा महिलाको आवश्यकता पर्छ । युवालाई तालिम दिएर पुख्र्यौली नाच्न सिकाएपछि भने यसका लागि आवश्यक जनशक्ति पुग्न थालेको यसका अगुवा चमबहादुर पुनले भन्नुभयो ।

# बागलुङका ३७ वडा पहिराको उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
बलेवा, २८ चैत

बागलुङ जिल्लाको दशवटा स्थानीय तहका ८५ वडामध्ये ३७ वडा पहिराको उच्च जोखिममा र ३१ वडा मध्यम जोखिममा परेका छन् ।

मनसुनजन्य प्रकोपको स्तरीकरण गर्दा बागलुङ जिल्ला नै पहिराको उच्च जोखिममा पर्छ । जिल्ला विपद् व्यवस्थापन समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने सिलसिलामा प्रकोपको स्तरीकरण गर्दा बागलुङ पहिराको प्रकोपमा पहिलो नम्बरमा परेको हो । पहिराकै कारण हरेक वर्ष यहाँका नागरिकले ज्यान गुमाउनु परेको छ । जिल्लाका दस स्थानीय तहबाट सङ्कलन गरिएको तथ्याङ्क तथा जिल्ला प्रशासन कार्यालयमा प्राकृतिक प्रकोपका लागि वितरण गरिएको राहतको विवरणअनुसार पहिराको प्रकोपबाट अधिकांश स्थानीय तहका वडा समस्यामा परेको पाइन्छ । जिल्लाका कूल ८५ वडामध्ये पहिराको प्रकोपमा ३७ वटा वडा उच्च जोखिम, ३१ वडा मध्यम जोखिम र १७ वडा निम्न जोखिमको सूचीमा छन् । मनसुनजन्य आपत्कालीन कार्ययोजना-२०७९ मा उल्लेख भएअनुसार पालिकाका मुकाम रहेका वडाहरूसमेत पहिराको जोखिममा छन् । जोखिममा सामुदायिक विद्यालयसमेत समावेश छन् । यस वर्ष २० सामुदायिक विद्यालय भवनमा पहिराले असर पार्नसक्ने जिल्ला विपद् व्यवस्थापन समितिको अनुमान छ ।

सबै स्थानीय तहमा व्यवस्थापन पूर्वको तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले जानकारी दिनुभयो । मनसुन सक्रिय हुनुपहिले नै विपत् पूर्व, विपत् भएको समय र विपत्पश्चात् गर्नुपर्ने कामका बारेमा सरोकारवाला निकायसँग समन्वय र साङ्गठनिक जिम्मेवारी बाँडफाँड गरिएको उहाँले बताउनुभयो । कालीगण्डकी,बडिगाड,दरमखोला, निसीखोला,भुजीखोला,तमानखोला, ठेउलेखोला,अँधेरीखोला,दरौंदीखोला, उत्तरगङ्गालगायत खोला तथा नदी किनारका बस्तीहरू बाढीको जोखिममा छन् । पहिरो प्रकोपका कारणले जिल्लाभर करिब ३० हजार व्यक्तिलाई असर पर्नसक्ने अनुमान गरिएको छ। पहिराको प्रकोपबाट घरगोठमा क्षति पुग्न सक्ने, बालबालिका, वृद्धावृद्धाहरू, गर्भवती, सुत्केरी, अपाङ्ग व्यक्ति, दलित र अति गरिबलाई बढी असर पर्ने विपत् प्रतिकार्य योजनामा उल्लेख छ ।

यहाँका सबै खोला किनारका तटीय क्षेत्रहरू जोखिममा छन् । कार्ययोजनाले उद्धार राहत तथा पुनःस्थापना र सचेतनाका लागि उपलब्ध साधन स्रोतको समेत तथ्याङ्क तयार गरेको छ। जिल्लाका अधिकांश बस्ती, सडक, भल तथा बाढीका कारण जोखिममा पर्ने स्थानीय तहको पूर्वानुमान छ । स्थानीय तहले गत वर्ष तयार गरेको बाढी पहिरो पीडितको तथ्याङ्क र यो वर्षको सम्भावित जोखिमको अवस्था हेरेर तथ्याङ्क तयार गरेको हो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३, कमलपोखरी मार्ग टोल विकास संस्था, कमलपोखरी मार्ग सडक निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: कमल पोखरी मार्ग सडक निर्माण**
**स्थान: पोखरा-१३,कमलपोखरी मार्ग**
**योजना सम्झौता मिति : २०७९/०६/१३ गते**
**योजना शुरु हुने मिति : २०७९/०७/०१ गते**
**योजना सम्पन्न हुने मिति: २०७९/१२/३० गते**
**योजनाको कुल लागत : रु. २८,६१,०५९.२० |-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु. २०,००,००० |-**
**जन सहभागितावाट : रु. ८,५७,१४२ |-**

**सु. इन्द्र बहादुर गुरुङ**
**अध्यक्ष**
**कमलपोखरी मार्ग टोल विकास संस्था**
**पोखरा-१३**


# गोरखाको बालुवा केन्द्रविन्दु भएर भूकम्प

**पोखरापत्र संवाददाता**
पोखरा, २८ चैत

गोरखाको बालुवा केन्द्रविन्दु भएर भूकम्प गएको छ ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार गोरखा जिल्लाको बालुवा केन्द्रविन्दु भएर आज साँझ ६ बजेर ५० मिनेटमा चार दशमलव एक रेक्टरस्केलको भूकम्प गएको हो । भूकम्पको धक्का गोरखा, लमजुङलगायतका जिल्लामा महसुस गरिएको थियो ।

यसअघि चैत १८ गते दोलखाको सुरी केन्द्रविन्दु भएर पाँच दशमलव दुई र सोही दिन लमजुङको मालिङ केन्द्रविन्दु भएर तीन दशमलव आठ रेक्टरस्केलको भूकम्प गएको थियो । नेपालको हिमाली तथा पहाडी क्षेत्रलाई भूकम्पको जोखिम क्षेत्रका रूपमा लिने गरिन्छ ।

# सर्वाधिक कमाई गर्ने यी हुन् सात नेपाली चलचित्र

**-भेषराज कार्की**
काठमाडौं, २८ चैत

चलचित्र विकास बोर्डले वर्ष २०७९ मा प्रदर्शनमा आएका नेपाली र विदेशी चलचित्रको तथ्याङ्क सार्वजनिक गरेको छ ।

बोर्डका अनुसार २०७९ सालमा मा नेपाली ५२ र विदेशी ८३ गरी १३५ चलचित्र प्रदर्शन भए पनि एक सय ३२ वटा चलचित्रको कमाइ सार्वजनिक गरिएको हो । बोर्डको विवरणअनुसार चलचित्र 'कबड्डी ४ : द फाइनल म्याच' को सात लाख ६६ हजार सात सय टिकट बिक्री भएबापत रु २१ करोड ३८ लाख १३ हजार चार सय ६२ ग्रस व्यापार गरेको छ ।

विदेशीतर्फ कन्नड चलचित्र 'केजिएफ च्याप्टर २'ले छ लाख ७७ हजार ६ सय ९९ टिकेट बिक्री भएबापत रु १९ करोड २९ लाख १३ हजार सात सय ५८ ग्रस कमाएको छ । नेपाली र विदेशीतर्फ सर्वाधिक कमाई गर्ने यी दुई चलचित्र हुन् । बोर्डले सार्वजनिक गरेको तथ्याङ्कमा सामान्य फरक भने पर्न सक्ने बक्सअफिस अधिकृत प्रवीण पाण्डेले जानकारी दिनुभयो ।

तथ्याङ्क अनुसार यस वर्षभरमा प्रदर्शन भएका चलचित्र शिवानीको पाँच वटा टिकट मात्रै बिक्री भएका छन् । जसबाट चलचित्रले रु पाँच सय २० ग्रस कलेक्सन गरेको छ ।

"सबै चलचित्र भवनमा बक्सअफिसको प्रविधि जडान भए पनि अनुगमनको अभावमा केही हेरफेर हुनसक्छ । केहीले नियतवश पनि गरिरहेका हुन्छन् । तर बोर्डले यसमा अनुमगन बढाएको छ", अधिकृत पाण्डेले भन्नुभयो, "हामीसँग रहेको आधिकारिक तथ्याङ्क सार्वजनिक गरेका हौं ।" बोर्डले सार्वजनिक गरेको विवरणअनुसार सर्वाधिक व्यापार गर्ने सात नेपाली चलचित्र यसप्रकार छन् ।

**कबड्डी ४ : द फाइनल म्याच**

'कबड्डी'कै शृङ्खलाका रूपमा अगाडि बढिरहेको यो चलचित्रलाई रामबाबु गुरुङले निर्देशन गर्नुभएको हो । बोर्डको विवरणअनुसार चलचित्र 'कबड्डी ४ : द फाइनल म्याच' को सात लाख ६६ हजार सात सय टिकट बिक्री भएबापत रु २१ करोड ३८ लाख १३ हजार चार सय ६२ ग्रस व्यापार गर्न सफल भएको छ । बाँसुरी फिल्मसको प्रस्तुतिमा तयार भएको चलचित्रमा सौगात मल्ल, मिरुना मगर, गौमाया गुरुङ, बुद्धि तामाङ, विजय बराल, कमलमणि नेपाल, पुष्कर गुरुङ, कविता आले, जयनन्द लामा, प्रकाश घिमिरे, माओत्से गुरुङ, शरद अधिकारीलगायतका कलाकारको अभिनय छ ।

**छक्का पञ्जा ४**

हास्यकलाकारको समूहले टेलिशृङ्खलामा पाइरहेको लोकप्रियतालाई ठूलोपर्दामा ल्याउन अभिनेता दीपकराज गिरीले '६ एकान ६' मार्फत चलचित्र निर्माण सुरु गर्नुभयो । त्यसपछि 'वडा नम्बर ६' हुँदै 'छक्का पञ्जा' निर्माण गरेको समूह अहिले यसकै शृङ्खलालाई अगाडि बढाइरहेका छन् । गत फागुन १९ देखि प्रदर्शनरत चलचित्र 'छक्का पञ्जा ४' ले बोर्डको विवरणअनुसार छ लाख आठ हजार चार सय दुई टिकेट बिक्री भएबापत रु १६ करोड ९४ लाख ३४ हजार ६ सय ३४ ग्रस व्यापार गरेको छ । प्रदर्शनरत भएकाले यसको व्यापार अझै बढ्ने देखिन्छ । राजनीतिक विकृतिलाई प्रस्तुत गरिएको चलचित्रमा पिताको विरासत जोगाउन राजनीतिमा होमिएका दीपकराज गिरी (राजा) लाई खराब स्वभाव र शैलीको नेताका रूपमा चित्रण गरिएको छ । हेमराज विसीले निर्देशन गर्नुभएको चलचित्रमा नीर शाह, निर्मल शर्मा, बुद्धि तामाङ, राज आचार्य, सुष्मा निरौला, वेदना राई, मलिना जोशी, सविन बाँस्तोला, रमेश बुढाथोकी लगायतको अभिनय छ ।

**प्रेम गीत ३**

'प्रेम गीत' को तेस्रो शृङ्खलाका रूपमा प्रदर्शन भएको 'प्रेम गीत ३' नेपालीसँगै हिन्दी भाषामा प्रदर्शन भएको थियो । सन्तोष सेन र छेतेन गुरुङले निर्देशन गर्नुभएको चलचित्रमा प्रदीप खड्का, क्रिस्टिना गुरुङ, मनिष राउत, सुनिल थापा र शिव श्रेष्ठ लगायतको अभिनय छ । प्रेम कथानक चलचित्रको पहिचान बनाएको शृङ्खलाबाटै अभिनेता खड्का अहिलेको उचाइमा पुग्नुभएको हो । चलचित्रले नेपाली भाषामा दुई लाख ६९ हजार सात सय ४४ टिकट बिक्री भएबापत रु सात करोड ७० लाख ३५ हजार पाँच सय ५८ र हिन्दी भाषामा ८३ हजार एक सय ४४ टिकेट बिक्री भएबापत दुई करोड २७ लाख २९ हजार तीन सय ६७ रुपैयाँको ग्रस व्यापार गरेको छ ।

**महापुरुष**

सर्वाधिक कमाई गर्ने चौथो चलचित्र 'महापुरुष' बनेको छ । चलचित्रले दुई लाख ४७ हजार पाँच सय १७ टिकेट बिक्री भएबापत सात करोड ३८ लाख ९० हजार ६ सय ७० रुपैयाँको ग्रस व्यापार गरेको छ । प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको चलचित्रमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौडेल, नरेश पौड्याल, अरुण क्षेत्री, अञ्जना बराइली लगायतका कलाकारले अभिनय गर्नुभएको छ । यसमा एक्लो जीवन बिताइरहेका अभिभावकको कथा र चाहनालाई देखाइएको छ । षट्कोण आर्ट्स प्रालिको ब्यानारमा निर्मित चलचित्रमा कार्यकारी निर्माता रवीन्द्र सिंह बानियाँ र निर्माता दीपेश खत्री हुनुहुन्छ ।

**दुई नम्बरी**

दीपेन्द्र लामाको निर्देशनमा तयार भएको 'दुई नम्बरी' सर्वाधिक व्यापार गर्ने चलचित्रको पाँचौं नम्बरमा छ । चलचित्रको एक लाख ४१ हजार ६ सय ३९ टिकेट बिक्री भएबापत रु तीन करोड ८४ लाख ७३ हजार पाँच सय २० को ग्रस कलेक्सन भएको छ । मित्रताको कथामा आधारित चलचित्रमा दयाहाङ राई, सौगात मल्ल, उपासना सिंह ठकुरी, बुद्धि तामाङ, पुस्कर गुरुङ लगायतले अभिनय गर्नुभएको छ । भुटानी अभिनेत्री उगेन छोदेनले 'दुई नम्बरी' मार्फत नेपाली चलचित्रमा अभिनयको सुरुआत गर्नुभएको थियो ।

**फूलबारी**

रामबाबु गुरुङले निर्देशन गर्नुभएको भएको चलचित्र 'फूलबारी' सर्वाधिक कमाई गर्ने चलचित्रको सूचीमा छैटौं स्थानमा छ । अवकाश प्राप्त शिक्षकको जीवनी देखाइएको चलचित्रमा विपिन कार्की, अरुणा कार्की, प्रियङ्का कार्की, सोमनाथ खनाल, अनुपम शर्मा, मनिष ढकाल, गौमाया गुरुङ, साक्षी सिंह भण्डारीसहित विशेष भूमिकामा अभिनेता दयाहाङ राईले अभिनय गर्नुभएको छ । चलचित्रले एक लाख २६ हजार एक सय ९० टिकेट बिक्री भएबापत तीन करोड ५२ लाख ८९ हजार चार सय ५९ रुपैयाँको ग्रस व्यापार भएको छ । अभिभावकले सन्तानबाट राख्ने अपेक्षा र सन्तानले भुलेको संस्कारलाई कथा बनाइएको चलचित्रमा किशोर मालपानीको कथा र उपेन्द्र सुब्बाको पटकथा लेखन रहेको छ ।

**झिञ्झेदाउ**

ज्ञानेन्द्र देउजाले निर्माण तथा निर्देशन गर्नुभएको चलचित्र 'झिञ्झेदाउ' सर्वाधिक कमाई गर्ने चलचित्रको सूचीको सातौं स्थानमा छ । बोर्डको विवरणअनुसार चलचित्र एक लाख २२ हजार दुई सय ९० टिकेट बिक्री भएबापत तीन करोड ४१ लाख १३ हजार दुई सय २३ रुपैयाँ ग्रस व्यापार गरेको छ । चलचित्रमा केकी अधिकारी, आँचल शर्मा, मुकुन भुसाल, कुशल विष्ट, हिउँवाला गौतम लगायतले अभिनय गर्नुभएको छ । स्वर्गीय भीमनिधि तिवारीको सोही नामको कृतिमा आधारित चलचित्र 'झिञ्झेदाउ' मा प्राचीन नेपाली समाजको कथा प्रस्तुत गरिएको छ । देउरानी-जेठानीको सामान्य झगडाबाट परिवारमा आउने आरोहअवरोहलाई प्रस्तुत गरिएको चलचित्रमा आमा र दुई दाजुभाइको भावनात्मक सम्बन्धलाई चित्रण गरिएको छ ।